हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : १८, अङ्क : ४०, २०७७ साउन १८ गते आइतवार (2 Aug. 2018), मूल्य रु. २०।-



घुच्ची च्याउ, डोल्पालीको आयआर्जनको एक स्रोत ।

डोल्पाका विद्यालयहरुमा सिकाई सहजिकरण

सुस्केरा समाचारदाता

डोल्पा, साउन - डोल्पाको ठुलीभेरी नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा सिकाई सहजिकरण भैरहेको नगरपालिकाले जनाएको छ ।

हामीले कोरोना संक्रमणबाट सतर्क रहदै नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको सिकाई सहजिकरण निर्देशिका बमोजिम नै सबै विद्यालयमा सिकाई सहजिकरण गरिएको ठुलीभेरी नगर पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख डिलप्रसाद रोकायाले जानकारी दिनु भएको छ ।

कोरोना जोखिमबाट शिक्षक, विद्यार्थी, अभिभावकहरु बचेर समा(जमा शिक्षालाई अगाडि बढाउनका लागि ठुलीभेरी नगरपालिकाले सबै विद्यालयहरुलाई निर्देशन गरे को थियो । सोही निर्देशन बमोजिम शिक्षकहरु नियमित विद्यालय जाने विद्यालयको प्रशासनिक कामहरु गने ', बालबालिकाहरुलाई सल्लाह सुझाव दिने, घरमै पढ्न तर्फ प्रोत्साहित गर्ने, सामाजिक दुरी कायम गरेर सिकाईमा सहयोग लिने दिने वातावरणको निर्माण गर्ने जस्ता विद्यालय गतिविधि गरेर सिकाईमा सहजिकरण गरिएको विद्यालयहरुले जनाएका छन् ।

त्यसै गरी डोल्पा जिल्लाको जगुदुल्ला गाँउपालिकाका सम्पुर्ण

.... .पेज नं. ८ मा

विद्यालय भवनहरु निर्माण भए

सन्देश बुढा

डोल्पा, साउन - कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, साम(ाजिक विकास कार्यालय डोल्पाको आर्थिक सहयोगमा धुवतारा आधार भुत विद्यालय अन्तर्गत संचालित अपाङ्ग स्रोत कक्षाको २ कोठे ब्लक भवन निर्माण सम्पन्न भई आवाश(ीय व्यवस्थापन गरिरहेको मुकुटेश्वर अपाङ्ग सेवा समितिलाई हस्तान्तरण गरिएको छ ।

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको २० लाख सहयोगमा धुवतारा आधारभुत अन्तर्गत संचालित अपाङ्ग स्रोत कक्षाका अपाङ्गता भएका बालबालिकाहरुले पढ्नका लागि बन(ाइएको ब्लक भवन निर्माण सम्पन्न भएर धुवतारा आधारभुत विद्यालय

.... .पेज नं. ८ मा

डोल्पामा सलह आतंक कायमै

सुस्केरा समाचारदाता

डोल्पा, साउन - डोल्पा जिल्लाका विभिन्न स्थानमा सलह किराले आतंक नै मच्चाएको छ । डोल्पा जिल्लाका विभिन्न स्थानीय तहहरुमा सलह किर ाले हैरान पारेको कृषकहरुले बताएका छन् । सलह डोल्पाका प्राय: सबै स्था(नीय तहमा पुगेका छन् । तर माथिल्लो डोल्पामा चिसो कारण त्यति धेरै क्षे ति गरेको छैन भने ठुलीभेरी नगर पालिका, त्रिपुरासुन्दरी नगरपालिका, जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिकामा सलहले बालीनाली निकै क्षति गरेको छ । लाखौं, हजारौंको संख्यामा रहेको सलहलाई कृषकहरुले एक बारीबाट धपाउदा धपाउदै त्यही आएर बस्ने र त्यहाँबाट उडेको सलह माथिल्लो तल्लो बारीमा गई बस्ने तल माथि गर्दै कृषकहरु ीनकै हैरान भएको ठुलीभेरी नगरपालिका २ लो चाका कमल क्षेत्रीले बताउनु भयो । यही निर्यति सबै कृषकहरुको रहेको कृषकहरु बताउछन् ।

जगुदुल्ला गाँउपालिका वडा नं ४

.... .पेज नं. ८ मा

सबैका लागि पढाई कार्यक्रम सुरु

सुस्केरा समाचारदाता

डोल्पा, साउन - राष्ट्रिय प्रार म्भिक कक्षा पढाई कार्यक्रम र सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत अगतापाङगता भएका बालबालिकाहरुलाई समेत समेटेर शिक्षामा अघि बढाउन सबैका लागि पढाइ कार्यक्रम डोल्पामा पनि सुरु भएको छ ।

कक्षा ३ सम्म अध्ययनरत तथा कक्षा ३ सम्म पढ्ने उमेर समूहका बालबालिकाहरुलाई पढाई सिप विकासका लागि सहजिकरण गर्नका लागि डोल्पामा सबैका लागि पढाई कार्यक्रम सुरु गरिएको डिकेड डो ल्पाले जनाएको छ ।

युएसएआइडीको आर्थिक सहयो ग र हाण्डीक्याप नेपालको प्राविधिक सहयोगमा डोल्पामा डोल्पाका सबै विद्यालयहरुमा अध्ययनरत कक्षा ३ सम्मका बालबालिकाहरुको पढाई सिप विकासका लागि गरिने आवश्यक त्रि(्याकलापहरु गर्ने गरी कार्यक्रम लागु भएको डिकेड डोल्पाले जानकारी

.... .पेज नं. ८ मा

मुड्केचुलामा नुन वितरण

मेनुका बुढा

डोल्पा, साउन - विकास निकासमा मात्र पछि परेको छैन मुड्केचुला गाउरापालिका यो धेरै सरकारी सेवा प्रवाहमा पनि पछि परेको छ ।

मोटरबाटोको निर्माणमा निकै पछि रहेको मुड्केचुला गाँउपालिका वडा नं ७ ,८ र ९ मा गएको आइतबारदेखि नुन् वितरण भइरहेको छ । सर्मि ,हो र्त ,ओक्टका नागरिकहरुलाई घरघरमै सुविधा पुगोस भनेर मुड्केचुला गाँ(उपालिकाको आर्थिक सहयोगमा साल्ट ट्रेडिङ कर्पोरेशन डोल्पाले नुन् वितरण गरेको मुड्केचुला गाँउपालिकाले जानकारी दिएको छ ।

एक घर धुरिलाई ४ किलोग्रामका दरले नुन् वितरण गरिएको छ । आज सोमबार सम्म सर्मिमा ८ कुयिन्टल ,ओक्टमा ७ कुयिन्टल र होर्तमा ७ कुयिन्टल नुन् वितरण भएको वडा नं ८ का स्थानियबासि लालबहादुर

.... .पेज नं. ८ मा

सिटौलाको समर्थनले देउवालाई राहत, पौडेल विपक्षमा

सुस्केरा समाचारदाता

काठमाडौं, साउन - नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा ले महाधिवेशनको मिति नजिकिदै गएको बेला विभिन्न विभागहरु गठन गर्नु भएको छ । महाधिवेशन सम्पन्न भए लगत्तै गरेर पार्टीलाई जीवन्तता दिनु पर्नेमा कार्यकाल सकिएर मह(ाधिवेशनको चटारो लागेको बेला विभाग गठन गर्नुले देउवाले महाधिवे शनमा धाँधलीको झल्को आउको वरि ष्ठ नेता रामचन्द्र पौडेलले आरोप लगाउनु भएको छ । पौडेल पक्षको विरोधका विच विभाग गठन गरेका सभापति देउवालाई सिटौला पक्षले समर्थन गरे पनि देउवालाई केही राहत मिलेको छ । नेपाली काँग्रेसका नेताहरु महाधिवेशनको आन्तरिक रणनीतिमा जुटेपछि पार्टीभित्र किचलो बढ्दै गएको छ । यतिबेला काँग्रेसमा महाधिवेशनका लागि आन्तरिक राज(नीतिको जोडघटाउ विवादको विषय बनेको छ ।

पार्टी सभापति शेरबादुर देउवा पक्ष नियुक्ति तथा मनोनयनमा केन्द्रित छ भने वरिष्ठ नेता रामचन्द्र पौडेल समूह त्यसलाई रोक्न कस्सिएको छ । पौडेल समूहले केन्द्रीय विभागमा भइरहेको मनोनयन, पार्टी संरचनाको गठन, क्रियाशील सदस्यताको वितरण तथा नवीकरण, भ्रातृ एवं शुभेच्छुक संस्था, अन्य पार्टीबाट काँग्रेसमा आउने नेता तथा कार्यकर्ताको समायो जनको मापदण्ड, पार्टीको स्थानीय तहको समायोजन र विदेशस्थित

.... .पेज नं. ८ मा

सिटौलाको समर्थनले .....

जनसम्पर्क समितिका विषयलाई महाधिवेशनको मुद्दा बनाएको छ ।

सभापति देउवाले महाधिवेशन घोषणापछि केन्द्रीय विभाग र निकायहरूमा मनोनयन तीव्र पारेपछि पौडेल पक्षले त्यस्ता गतिविधिलाई महाधिवेशसम्म मुद्दा बनाए जाने उद्घोष गरिसकेको छ । तर, सभापति देउवाले पौडेल पक्षको विरोधका बीच मनोनयनलाई जारी राखेका छन् ।

देउवाको वैधानिक कार्यकाल समाप्त भई थपिएको एक वर्षको कार्यकाल पनि पाँच महिना पुगिसकेको भन्दै पौडेल पक्षले काम चलाउ हैसियतमा रहेका सभापतिले विभाग गठन गर्ने र पूर्णता दिने काम गर्न नसक्ने जनाएको छ । पार्टीको विधानअनुसार केन्द्रीय विभाग र पार्टीका संरचनाहरू ६ महिनाभित्र नै गठन गरिसक्नुपर्ने व्यवस्था छ ।

कार्यकर्ता खुसी पार्ने यतिबेला विभाग गठन र सदस्यहरू मनोनयन गरेर आसन्न महाधिवेशनमा आफ्ना पक्षमा बढी प्रतिनिधि ल्याउने रणनीति रहेकको पौडेल पक्षको बुझाइ छ । विभागमा कार्यकर्ताको ठूलो पंक्ति व्यवस्थापन गर्न सके महाधिवेशनमा लाभ हुने ठानेरै देउवाले विरोधको बेवास्ता गरेको देखिन्छ ।

देउवाले आफ्नो संयोजकत्वमा रहेको ज्येष्ठ राजनीतिज्ञ सभा बुधबार मात्रै ४ सय ७९ जना पुराना कार्यकर्तालाई मनोनयन गरे । देउवाले पुराना नेता तथा कार्यकर्ता समेटर ५०९ सदस्य ज्येष्ठ राजनीतिज्ञ सभा गठन गरेका छन् । ज्येष्ठ सभा कति सदस्यीय हुने भन्ने विधानमा व्यवस्था छैन । गत फागुन १९ गते पार्टी ३० जना पुराना नेतालाई ज्येष्ठ राजनीतिज्ञ सभामा मनोनयन गरेका थिए ।

यस्तै शुक्रबार बिहान आफ्नो पक्षका पदाधिकारी र केही केन्द्रीय सदस्यलाई निवासमा बोलाएरै विभागमा राखिने सदस्यहरूको नामावली उपलब्ध गराउन निर्देशन दिएका छन् । देउवाले प्रदेश १ बाट ज्ञानेन्द्रबहादुर कार्की, प्रदेश २ बाट आनन्द ढुंगाना, बागमती प्रदेशबाट सहमहामन्त्री प्रकाशशरण महत, गण्डकी प्रदेशबाट गोपालमान श्रेष्ठ, प्रदेश ५ बाट बालकृष्ण खाँण, कर्णाली प्रदेशबाट जीवनबहादुर शाही र सुदूरपश्चिम प्रदेशबाट एनपी साउदलाई नामावली छनोटको जिम्मेवारी दिएका छन् । उनीहरुलाई एक सातभित्र नाम दिन देउवाको निर्देशन छ ।

विभागको संयोजक केन्द्रीय सदस्य हुने र ५० जना सदस्य राख्न पाउने व्यवस्था छ । ४७ वटै विभाग गठन गरेर विस्तार गरेर २३ सय ९७ जना कार्यकर्तालाई जिम्मेवारी दिने देउवाको तयारी छ । विधान र आचारसंहिताविपरीतका मनोनयनले नै महाधिवेशन निष्पक्ष र स्वतन्त्र रूपमा नहुने निष्कर्ष निकालेको पौडेल पक्षसँग त्यसलाई रोक्ने ल्याकत छैन ।

पार्टी केन्द्रीय कार्यसमितिमा सुविधाजनक बहुमत देउवा पक्षको छ । यता मनोनयनको विषयमा नेता कृष्णप्रसाद सिटौलाको मौन समर्थन देखिन्छ । नेता सिटौलाले पनि यस विषयमा आफ्नो समर्थन र विरोध नरहेको बताएका छन् ।

विभाग गठन र विस्तारमा सिटौलाले मौन समर्थन जनाएपछि पौडेल पक्षको सार्वजनीतिक प्रतिवादको पनि देउवाले बेवास्ता गरिदिएको पाइन्छ । साउन १ गतेको आन्तरिक छलफलपछि पौडेल पक्षले पछिल्ला निर्णयको खारे जीको मागसहित पार्टीको निर्वाचन समितिमा उजुरी दिनुका साथै देउवालाई भेटेर ध्यानाकर्षण पत्र समेत बुझाएको थियो । तर देउवाले पौडेल पक्षलाई टेरपुच्छर लगाएनन् ।

!सभापति देउवाले शुक्रबार विधान बमोजिम नियमित महाधिवेशन गर्न नसक्ने नौ वटा भ्रातृ संस्थाको म्याद ६ महिना थप गरेका छन् । निर्देशानुसार तरुण दल, नेपाल विद्यार्थी संघ, किसान संघ, प्रजातान्त्रिक सेनानी संघ, आदिवासी जनजाति संघ, दलित संघ, राष्ट्रिय लोकतान्त्रिक अपांग संघ, तामाङ संघ र ठाकुर समाजको म्याद थपिएको छ ।

आफ्नो विधान बमोजिम निर्धारित समयमा महाधिवेशन गर्न नसके पनि १७ वर्षपछि पनि म्याद थप गरिएको छ ।

डोल्पाका विद्यालयहरुमा .....

विधायलयहरुमा बैकल्पिक कक्षा संचालन भएका छन् । यो विश्वभरि फैलिएको कोरना भाइरसको कारणले गर्दा डोल्पा जिल्लाका सम्पुर्न विधालयहरु बन्धनै रहेको बेला कुनै गाँउपालिकामा भने विश्वस्वास्थ्य संगठन र गाँउपालिकाको निरनय अनुसनर विधालयहरु संचालनमा छन् । जगुदुल्ला गाँउपालिकाको निरनय अनुसार र विश्वस्वास्थ्य संगठनको निर नय अनुसार जगुदुल्ला गाँउपालिकाको सबै विधालयहरुमा बैकल्पिक कक्षा संचालन भएको जगुदुल्ला गाँउपालिकाले जानकारि दिएको छ ।

विधालयमा विधार्थिहरु जाँदा नियमित रुपमा माक्स लगाउने र से निटाईजर प्रयोग गर्ने ,साबुन पानिले नियमित रुपमा हात धोएर मात्र कक्षा कोठामा प्रवेश गर्ने गरेको गाउपालिकाले जानकारि दिएको छ ।सामाजिक दुरि कायम गरेर एयटा बेन्चमा सनो र ठुलो खालको हेरेर विधार्थि कक्षाकोठामा ३ जना सम्म बस्ने निर नय गरिएको र एक गाँउमा भएका विधालय अर्का त्रिधालयमा जान नपाउने विधालयहरुमा बैकल्पिक कक्षा

सबैका लागि ... .

दिएको छ ।

कार्यक्रम लागु भएर पहिलो चरणको काम सुरु भैसकेको छ । पहिलो चरणमा कर्मचारी भर्ना गने काम, कार्यालय व्यवस्थापन गने काम भैसकेको छ भने सर्भेक्षण गने कामहरु सुरु गरिएको छ । विभिन्न विद्यालयहरुमा अध्ययनरत तथा विद्यालय वाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरुको एकिन विवरण पत्ता लगाई उनीहरुको पठनपाठनका साथै पढाई सिप विकासका लागि काम गर्न यो कार्यक्रम लागु भएको हो । यो कार्यक्रम जिल्ला भरी लागु भएको हो ।

विद्यालय भवनहरु .. ..

उपल्लोदुनैको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जसबहादुर बि.क.ले विद्यार्थीहरुको आवाशीय व्यवस्थापन गरिरहेको मुकुटेश्वर अपाङ्ग सेवा समिति डोल्पाका अध्यक्ष चन्द्रबहादुर रोकायालाई एक कार्यक्रममा भवन हस्तान्तरण गरेका छन् ।

विद्यालय भवन हस्तान्तरण कार्यक्रममा सामाजिक विकास कार्यालयका प्रतिनिधि, विभिन्न गाउँपालिका तथा नगरपालिकाका प्रतिनिधि, ध्रुवतारा आधारभुत विद्यालय उपल्लो दुनैका प्रधानाध्यापक लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

मुड्केचुलामा ....

बुढाले जानकारि दिनु भएको छ । यस गाउँपालिकाको विकासमा जुट्नु आवश्कय भैसकेको छ ।

डोल्पामा सलह ....

छाँचुमा सलह किरा आज भोलि पनि हजारौको संख्यमा सलह किरा भएको हुनाले त्यहाँका कृषक र आवता जावत गर्ने मानिसहरुका लागि टेक्ने थातनै नहुने गरेर सलह देखा परेको वडा नं ४ का कृषक बाग बहादुर बस्नेतले बताउनु भएको छ ।

सूचना । सूचना ॥ सूचना ॥।

इजाजत नलिई मदिरा तथा सुर्तिजन्य पदार्थका कारोवार गर्नु गैह्र कानुनी हो । त्यसैले आ.व. २०७७/०७८ को लागि साउन महिना भित्रै इजाजत लिन तथा नविकरण गर्नुहुन जानकारी गराईन्छ । म्याद भित्र नविकरण नगरी कारोवार गरेमा प्रचलित नियमानुसार कारवाही तथा जरिवाना हुने व्यहोरा अनुरोध छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय
दुनै, डोल्पा

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : धनबहादुर बुढा
लालिमान बुढा
सुरेन्द्र ढकाल
नन्दसिंह बुढा
प्रमुख संवाददाता : रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

अन्यौलको अन्त्य गर

यतिबेला सत्तारुढ दल नेकपाको आन्तरिक विवादले गर्दा नेकपा पार्टी भित्र मात्र होइन नेपाल सरकारमा पनि अन्यौलता छाएको छ । देशको बागडोर संहाली रहेको पार्टी भित्रको अस्वभाविक विवादले गर्दा देशमा अस्वभाविकता सिर्जना गर्नु अस्वभाविक होइन तर विवाद कति दिनसम्म रहने भन्ने हो ।

सत्तारुढ दल भए पनि पार्टीको आन्तरिक व्यवस्था आन्तरिक रुपमा विधानतः हुनु पर्छ, तत्कालिन अवस्थामा एमाले र माओवादी केन्द्र पार्टी एकिकरण गर्ने क्रममा जुन प्रकारको लिखित रुपमा सहमति भएको छ, त्यस बमोजिम नेताहरु चल्नु पर्छ । एकिकरणको बेला जस्तो प्रकारको जुन जुन सर्तहरु राखेर पार्टी एकिकरण गर्ने सहमति भई पार्टी एकिकरण भएको हो त्यसबाट रति पनि बिचलित तथा तलमाथि नभइकन काम हुनु पर्छ । नेताहरु त्यही सहमतिको आधारमा व्यवस्थित हुनु पर्छ ।

तर बिल्कुल त्यस प्रकारको व्यवहार नेताहरुबाट भएको छैन । जब नेपाल सरकारले नेपालको गुमेको जमिन ल्याएर नेपालको नयाँ नक्सा जारी गर्ने निर्णय गऱ्यो त्यसका बाछिटा नेकपा पार्टी भित्र पर्न गई नेकपा भित्र किचलो जन्मेको भन्ने जनबुझाई रहेको छ । यसले के देखाएको छ भने नेपालका ठुला पार्टीका नेताहरु तथा सत्तारुढ दलका सिर्स नेताहरु नै भारत परस्त रहेको आरोप लागि रहेको बेला नेकपा भित्र अनावश्यक विवाद सिर्जना जुन जुन पक्षीय नेताहरुबाट भएको छ । ती नेताहरुले भोली जनता सामु जवाफ दिनु पर्नेछ, चित्ते बुझ्दो जवाफ नपाए नेपाली जनताहरुले आफ्नो स्तरबाट कारवाही गर्ने छन् भन्ने आवाज उठिरहेको छ ।

यसको परिणाम राम्रो नआउने प्रतिक्रिया आइरहेका बेलामा पनि नेकपाका सिर्ज भनाउँदा नेताहरु एक ठाउँमा उभिन नसकेकाले नेपालको राजनीति अन्यौलग्रस्त बनेको छ । प्रधानमन्त्रीलाई आरोप लगाई रहँदा आरोप लगाउने नेताहरुले एक पटक आफूतिर फर्कनु आवश्यक छ । की हामीले ठिक बेठिक के गरिरहेका छौं, समिक्षा गर्नु आवश्यक छ, त्यसमा नेताहरु लाग्ने छन् भन्ने विस्वास व्यक्त गर्न चाहन्छौं । यता प्रधानमन्त्रीले पनि मेरै गोरुका बाहै टक्का नगरीकन सबैलाई समेटेर, सबैको सहमति तथा राय लिएर अगाडि बढ्नु पर्छ भन्ने आवाज जनस्तरमा उठिरहेको छ । जुन प्रकारको आवाज उठेको छ त्यो सबै ठिक छ भनेर हामी भन्दै नौं तर सरकार तथा पार्टीका २ अध्यक्षले उठेका ती आवाजहरुको पनि सुनुवाई गरिदिनु पर्छ भन्ने हामी नेपालीहरुको चाहना र आशा अपेक्षा रहेको सबैलाई जगजाहेर छ ।

त्यसैले पनि नेकपाका अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहालले विवादलाई नबढाईकन म म गर्दै विवादलाई समाधान तर्फ लानु पर्छ । यति यति छोडेर, सहेर विवादको अन्त्य नगरेसम्म नेपालको शासकिय सोच पविर्तन हुदैन । यसबाट के देखिन्छ भने नेपाली जनताहरु सबैले मिलेर देशको दिगो विकास गर्नु आवश्यक छ । शासन सत्ता पनि दिगो रुपमा सरकार स्थायी हुने तथा निर्वाचन भइ आएर तोकिएको अवधिसम्म शासन गर्नु पर्छ सरकारले पनि विकासलाई प्राथमिकतामा राख्नका लागि पनि विवाद अन्त्य गर्नु पर्छ ।

ऊ बीज हो विचारको

युवराज मैनाली
रातोपाटीबाट

सत्य सत्य नै हुन्छ
जति गलाउन खोजे पनि
त्यो कदापि गल्दैन
झुटो आखिर झुटो नै हुन्छ
जतिपल्ट जपे पनि
त्यो कतै कदापि टिक्दैन !
कहाँ काँतर हुन्छन्
मृत्युलाई सहर्ष स्वीकार्नेहरू ?
कमजोरहरूले नै
बाट्ने हुन् फाँसीका डोरीहरू
कुनै नामर्दहरूसित
जीवनको भिक्षा माग्दैनन् - सहिदहरू !
दाना र माना मात्र जपिरहने
नाना र छाना मात्र जपिरहने
दिनलाई रात
रातलाई दिन मात्र भनिरहने
हावालाई बहन रोक्छौं
नदीका गति छेक्छौं
सूर्यलाई हत्केलाले छेकेर
संसारलाई मुट्ठीमै अटाउँछौं भन्दै
अहङ्कारले गर्जिरहने
ती ठुल्दाइहरूलाई
हुरीले हुत्याउँदै
किनारा लगाएका बादलझैं
समय बढारेर
ती बदनामका नाम र कुरूप रूपहरूलाई
कहाँ मिल्कायो होला कसङ्गर झैं
ती कतिखेर गलेर ढले होलान् कर्कलाका डाँठ झैं ?
ती बोल्न खोज्नेका बोली रोक्थे
ती हेर्न खोज्नेका आँखा छोप्थे
ती सुन्न खोज्नेका कानका जाली फुटाउँथे
ती पाठशाला भत्काएर
कारागारका जग उठाउँथे
जो भेट्यो उसैका अस्मिता लुटाउँथे
ती तरबार भिरिरहने
दरबारै दरबारका ठुल्दाइहरू
जीवावशेष नै नभेटिने गरी
कहाँ हराए होलान् ?
तिनका अनुपस्थितिमा
आँसु बगाउनेहरू पनि
खै कोही भेटिँदैनन् !
तिनलाई बोकेर हिनहिनाइरहने
घोडाहरू पनि
पत्तै नपाई कता ढले होलान् ?
जन्मनै क्रान्तिमा पर्यो
ठूलाको भन्दा असलको
वकालत गरिरहने
लोकहितमा नीलकण्ठले विष पिए झैं
अर्बुदलाई नै सहजै पचाउने
यातनाहरूलाई केही नगनी
बुलेटका विश्वासहरूलाई व्यालेटका दीक्षा दिने
सान्दाजुलाई
न कुनै पत्थरहरूले गलाउन सके !
न कुनै क्रूर पाखुराहरूले ढलाउन सके
ऊ देव पनि होइन
ऊ महादेव पनि होइन
ऊ दानव त हुँदै होइन
ऊ हो भने
मानव मात्र हो
ऊ रोबोट होइन

खेलकुद

राखेप सदस्य सचिवले लिए सपथ

रासस

काठमाण्डौं, साउन - राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य सचिव रमेशकुमार सिलवाल र उपाध्यक्ष शिव कोइरालाले बुधबार पद तथा गोपनियताको शपथ लिएका छन् युवा तथा खेलकुद मन्त्रालयमा भएको कार्यक्रमा सचिव सिलवाल र उपाध्यक्ष कोइलालाई युवा तथा खेलकुद मन्त्री तथा तथा राखेपका अध्यक्ष जगत बहादुर विश्वकर्माले शपथ गराएका हुन् । राखेपको १९ औं सदस्य सचिव पदमा नियुक्त सदस्य सचिव सिलवालले आफ्नो अघिल्लो कार्यकालमा बाँकी रहेका कामलाई निरन्तरता दिँदै खेल र खेलाडीको हितमा काम गर्ने बताए ।

नेपालको खेलकुद जगतलाई विश्वले हेर्नेगरी आकर्षित रुपमा अगाडी बढाउने उनले बताए । खेलकुदलाई खेलकुदका रुपमा मात्रै सिमित नगरी यसलाई जीवनको अनुभव बनाउनका लागि काम गर्ने उनले बताए ।

युवा तथा खेलकुद मन्त्रालयले मन्त्रालयकै सचिवको नेतृत्वमा गठन गरेको तीन सदस्यीय समितिले सिफारिस गरेका मध्येबाट सिलवाललाई सोमबार मन्त्रीपरिषदको निर्णयले सदस्य सचिव नियुक्त गरेको थियो । शपद लगत्तै पदाबहालीका लागि सिलवाल बुधबार नै त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलकुद परिषदको कार्यालयमा पुगेका थिए ।

सिफारिस समितिले सदस्य सचिवका लागि सिलवाल सहित अन्जु श्रेष्ठ र लिलबहादुर थापा मगरलाई सिफारिस गरेको थियो ।

भदौ १ बाट विद्यालय खुल्ने

सुस्केरा समाचादाता

काठमाडौं, साउन - भदौ १ गते देखि नयाँ शैक्षिक सत्रकाम काम शुरु हुने भएको छ । कोभिड-१९ का कारण बन्द रहेका विद्यालय जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड पालना हुनेगरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजीकरणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिएको हो ।

मन्त्रिपरिषद्ले निर्णय गरेर प्रमाणित गरी शिक्षा मन्त्रालयलाई पठाएको निदेशनमा भदौ १ गते देखि नयाँ शैक्षिक सत्रका कामहरु गर्नुपर्ने उल्लेख छ ।

मन्त्रिपरिषद्ले पठाएको प्रमाणित निर्णयहरुमा शिक्षकहरु अनिवार्यरुपमा विद्यालय पुग्नुपर्ने तथा भाद्र १ गते देखि नयाँ भर्ना, कक्षागत विद्यार्थीको संख्या यकिन र भर्ना भएका विद्यार्थीको तथ्यांक भर्न निर्देशन दिइएको छ ।यस्तै, विद्यालय सञ्चालनको लागि तत्काल शिक्षा मन्त्रालयले विद्यालय पुनःसञ्चालन सम्बन्धी कार्यढाँचा जारी गर्नुपर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालनार्थ शिक्षकहरु भदौ १ अगाडि नै विद्यालय पुगिसक्ने व्यावस्था मिलाउने, नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउन बाँकी भए तत्काल उपलब्ध गराउने निर्णय पनि मन्त्रिपरिषदले गरेको छ ।

विद्यालय भवन तथा परिसरमा क्यारेन्टिन र आइसोलेशन सम्बन्धी कार्यहरु सञ्चालन नगर्ने तथा क्यारेन्टिन र आइसोलेशनको रुपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापदण्ड बमोजिम स्थानीय तहले निर्मलीकरण गरी अध्ययन अध्यापन गर्न योग्य बनाउने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

यस्तै, विद्यालय र विद्यालय परिसर भित्र तथा विद्यार्थी आवागमनमा प्रतिकूल असर पर्ने गरी या विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धी संरचनाहरु नराख्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । मन्त्रीपरिषदले दिएको निर्देशनहरु ।

कोभिड-१९ का कारण बन्द रहेका विद्यालय जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड पालना हुने गरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजीकरणका लागि देहाय बमोजिम गर्ने

(क) शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशन गर्न बाँकी रहेको भए नतिजा प्रकाशन गर्ने

(ख) २०७७ भाद्र १ गतेदेखि नयाँ विद्यार्थी भर्ना गर्ने र कक्षागत रुपमा विद्यार्थीको सख्यात्मक विवरण यकीन गर्ने, भर्ना भएका विद्यार्थीको शैक्षिक तथ्याङ्क भराउने ।

(ग) नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउन बाँकी भए उपलब्ध गराउने ।

(घ) विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालनार्थ विद्यालय, शिक्षकहरु विद्यालय पगिसक्ने व्यावस्था मिलाउने

(ङ) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनःसञ्चालन सम्बन्धी कार्यढाँचा जारी गर्ने ।

(च) विद्यालय भवन तथा परिसरमा क्यारेन्टिन र आइसोलेशन सम्बन्धी कार्यहरु सञ्चालन नगर्ने । क्यारेन्टिन र आइसोलेशनको रुपमा प्रयोग हुन

बाल संशार



चित्रले बालबालिकालाई सिर्जनशील बनाउछ । सिता वि.क.ले बनाएको चित्र

राष्ट्रिय सभामा नयाँ समिति गठन

सुस्केरा समाचारदाता

काठमाडौं, साउन – संघीय संसद् राष्ट्रिय सभा मातहतका संसदीय समिति गठन भएका छन् । राष्ट्रिय सभाका समितिमा सांसदहरूको दुई वर्षे कार्यावधि शुक्रबार पूरा भएपछि नयाँ गठन गरिएको हो । राष्ट्रिय सभाअन्तर्गत चार विषयगत समिति रहेका छन् ।

राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले शनिबार संसदीय समिति गठन गरेका हुन् । राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने संसदीय दलबाट प्राप्त नामावलीअनुसार सांसदहरूलाई विषयगत समितिमा राखिएको राष्ट्रिय सभा सचिवालयले जानकारी दिएको छ ।

कार्यव्यवस्था परामर्श समितिको सल्लाहमा संसद अधिवेशन नरहेको अवस्थामा अध्यक्षबाट आदेश जारी भई समितिमा रहने सदस्यको मनोनयन गरिएको हो । योसँगै राष्ट्रिय सभाका संसदीय समितिको नेतृत्वबारे निर्वाचन हुने भएको छ । संसद सचिवालयका अनुसार अब बस्ने राष्ट्रिय सभा मातहतका संसदीय समितिको अध्यक्षता समितिका ज्येष्ठ सदस्यले गर्नेछन् । त्यसपछि सभापतिको निर्वाचन हुनेछ ।

चार समितिमध्ये दुई समितिको नेतृत्वमा नेकपाका सांसद थिए । एउटा समितिको सभापति कांग्रेस सांसद थिइन् भने एक समितिको सभापति राष्ट्रपतिद्वारा मनोनीत सांसदले गरिरहेका थिए । राष्ट्रिय सरोकार तथा समन्वय समितिको सभापति नेकपाकी दिलकुमारी रावल र विधायन व्यवस्थापन समितिको सभापति पनि नेकपाकै पर्शुराम मेघी गुरुङ थिए । दीगो विकास तथा सुशासन समितिको सभापति कांग्रेसकी तारादेवी भट्ट थिइन् ।

सामान्य ज्ञान ४०

यस सामान्य ज्ञानले मानसिक कसरत गराएर सबैलाई स्वस्थ बनउनुका साथै नयाँ जानकारी दिनेछ भन्ने आशा राख्दै सबैलाई अध्ययनका लागि अनुरोध गर्दछौं । यस सामान्य ज्ञानका लागि प्रश्न र उत्तर पठायन सक्नु हुनेछ । यहाँको प्रश्न उत्तरलाई उचित स्थान दिइने छ ।

१. काट्दा काटिने, पोल्दा पोलिने तर पकाउदा नपाक्ने के हो ?
२. काठको पर्खाल सिसाको द्वार नबोली हेर्छन् लगातार ?
३. कान तान्दा मुख बाँउछ के हो ?
४. कानमा समाई नाकमा बस्छु के हो ?
५. कालीगंगा गौरीघाट, बत्तीस हाँगा एउटै पात के हो ?
६. खटखट खटमाउ, तीन मुख दश पाउ के हो ?
७. खान त खाँए तर चाखेको छैन के हो ?
८. गजुर छ देवल होइन, बार्दली छ घर होइन ?
९. गोडा छैनन् टाढा जान्छ, मुख छैन कुरा गर्छ ?
१०. छोरीको विवाहमा चिउरीको वोट दाईजोको रुपमा दिने जाती कुन हो ?
११. हाल डोल्पामा कति नगर र गाउँ पालिका छन् ?

उत्तरहरु

१. रौं, २. तस्वीर, ३. थैली, ४. चस्मा, ५. जिब्रो,
६. गोरु जोतेको, ७. किरिया,
८. धरहरा, ९. चिठी, १०. चेपागं र
११. २ नगरपालिका र ६ गाउँपालिका

विश्वविद्यालय शिक्षामा हुनुपर्ने शुद्धिकरण

- केदारभक्त माथेमा

नेपालको विश्वविद्यालय शिक्षा संसारकै कान्छोमध्येमा पर्छ । वि.स. २०१५ सालसम्म नेपालमा विश्वविद्यालय नै थिएन । नेपालमा २०१५ सालमा विश्वविद्यालय स्थापना भयो जुन भारतमा अंग्रेजहरुले विश्वविद्यालय स्थापना गरेको एक सय वर्षपछि मात्रै सम्भव भएको थियो ।

अंग्रेजले मद्रास, कलकत्ता र मुम्बइमा विश्वविद्यालय सन् १८५७ मा खोलिसकेका थिए । यसरी हेर्दा राणाहरु भन्दा अंग्रेजहरु जनताप्रति बढी उदार थिए भन्न सकिन्छ । धेरै पछि शुरु भएरपनि हाल नेपालमा १२ वटा विश्वविद्यालयको विकास भइसकेको छ । यस्तै, ४ वटा आफैंले डिग्री दिने मेडिकल कलेजहरु छन् । अहिले लगभग ४ लाख विद्यार्थी उच्च शिक्षामा रहेका छन् । झण्डै १४ सय क्याम्पसहरु विभिन्न स्थानमा खुलेका छन् । यसरी हेर्दा नेपालमा विश्वविद्यालय शिक्षाले प्रगति गरेकै देखिन्छ । अहिले विश्वविद्यालय जाने उमेर का केटाकेटीहरुमध्ये १५ दशमलव ८ प्रतिशत विश्वविद्यालय जाने गर्छन् । यो प्रतिशत पहिलेको भन्दा घटेको हो । किनभने पहिले १७ दशमलव १ प्रतिशत थियो ।

लैङ्गिक समता

लैङ्गिक समताका आधारमा हेर्दा विश्वविद्यालयमा छात्रको तुलनामा छात्राको संख्या बढी देखिन्छ । यो राम्रो कुरा हो । कृषि, इञ्जिनियरिङतर्फ भने छात्राहरुको संख्या तुलनात्मक रुपमा कम देखिन्छ ।

फड्को

सन् १९९१ देखि २०१२-१३ सम्ममा विश्वविद्यालय शिक्षाले फड्को मारेको देखिन्छ । यो समयमा विश्वविद्यालयमा विद्यार्थी ६ सय प्रतिशतले बढेको देखिन्छ । प्रजातन्त्रको लहर चल्नु, ठाउँ-ठाउँमा सम्बन्धन प्राप्त क्याम्पसहरु खुल्नुलाई विद्यार्थी बढ्नुको कारण मान्न सकिन्छ ।

भारतको नक्कल

हामीले विश्वविद्यालय शुरु त गऱ्यौं तर यसको विकासका लागि युरोप र अमेरिकातिर नहेरेर भारततिर हेरयौं। जो नजिक छ, त्यसैको नक्कल गर्न त हो नि । त्यसले सम्बन्धन दिने परिपाटी भित्र्यायो । सम्बन्धन दिने प्रणालीमा एउटा विश्वविद्यालयले निजी कलेजहरुलाई आफ्नो कोर्स पढाउन लाइसेन्स दिने व्यवस्था हो । परीक्षा लिने, नतिजा प्रकाशित गर्ने काम विश्वविद्यालयले नै गर्छ । मात्रै सम्बन्धन प्राप्त कलेजहरुले विश्वविद्यालयको पाठ्यक्रम पढाउन मात्रै पाउँछन् । यो हिसाबले प्रशस्त सम्बन्धन प्राप्त कलेजहरु खुले । यसले धेरै ठूलो विकृति पनि ल्यायो । सम्बन्धन प्राप्त भनेपछि उनीहरुलाई विश्वविद्यालयले अनुगमन गर्नुपर्ने, गुणस्तर हेर्नुपने हो तर यी केही काम गर्न सकेन । त्रिभुवन विश्वविद्यालयको मात्रै एक हजार बढी सम्बन्धन प्राप्त कलेजहरु छन् । कसरी भ्याउने ? हामीले मेडिकल कलेजहरुमा एउटा विश्वविद्यालयले ५ भन्दा बढीलाई सम्बन्धन दिन नपाउने भनेको पनि त्यसै कारणले हो । धेरै हुँदा अनुगमन र गुणस्तर सुधार हुनै सक्दैन । जुन प्रणाली हामीले भार तबाट अनुकरण गर्यौं वा भित्र्यायौं , यसले गुणस्तरमा चाहिँ निकै असर पऱ्यो । विश्वविद्यालयले जुन किसिमले गुणस्तर हेर्नुपर्ने हो, त्यो हेर्न सकेन ।

सम्बन्धनको खारेजी खोई ?

राम्रो गुणस्तर दिन नसक्ने, व्यवस्थापनमा कमजोर भएका एउटा पनि कलेजहरुलाई विश्वविद्यालयले अनुगमन गरी सम्बन्धन खारेज गरेको इतिहास छैन । एकपल्ट पाएको सम्बन्धन सधैंको लागि जस्तो भयो । फेरि, सम्बन्धनका लागि राजनीतिक दबाब बढी देखियो । मेरो क्षेत्रबाट एउटा आउनै पर्यो भन्नेखालको भयो । यसको एउटै मात्रै सकारात्मक पक्ष भनेको यसले 'म्यासिफिकेशन' बढ्यो । भनौं उच्च शिक्षाको बिस्तार गर्यो, मासमा लग्यो । ६ सय प्रतिशतले बढ्नु भनेको चानचुने कुरा होइन । यसो भएको सम्बन्धनकै कारणले हो । फाइदा त यति नै भयो । बेफाइदाचाहिँ गुणस्तर हुन नसक्नु हो ।

नयाँ ज्ञानको विकास भएन

नेपालको उच्च शिक्षामा झण्डै ८० प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालयमा मात्रै पढ्छन् । यसलाई कमजोर पक्षमा किन लिन सकिन्छ भने राष्ट्रका उच्चशिक्षा पढ्ने विद्यार्थीमध्ये ८० प्रतिशतले एउटै पाठ्यक्रम पढ्ने, एउटै पाठ्यपुस्तक पढ्ने, एउटै परीक्षा दिने गर्दा शिक्षामा नयाँपन वा नयाँ ज्ञानको सिर्जना (इनोभेसन) कसरी आउँछ र ? यो कुरा मैले विगतदेखि नै उठाउँदै आएको छु । म उपकुलपति हुँदाखेरी पनि विराटनगरको महेन्द्र मोरङ र पोखराको पृथ्वीनारायण क्याम्पसलाई विस्तारै विकास गर्दै छुट्टै विश्वविद्यालय सिर्जना गर्नुपर्छ भन्ने ध्येय थियो । यो अनुसार हाम्रो योजना पनि बनेको थियो । अगाडि पनि बढेको थियो । पछि सरकारले पूर्वाञ्चल र पोखरा विश्वविद्यालय ल्याउने निर्णय गऱ्यो । अनि हाम्रो योजना तुहियो । मैले त्रिभुवन विश्वविद्यालयसँग रिस गरेको होइन । यो मैले पढेको, पढाएको र नेतृत्व गरेको ठाउँ हो । तर, एउटै विश्वविद्यालयले यत्रो ठूलो संख्यामा विद्यार्थी जमात राख्दा नयाँपन, इनो भेसनलाई निरुत्साहित गरिरहेको छ । त्यसो त, त्रिभुवन विश्वविद्यालयलाई पनि यो चलाउन गाह्रो भएको अवस्था छ ।

हजारवटा सम्बन्धन प्राप्त क्याम्पस छन्, ६० वटा आंगिक क्याम्पस छन् । देशभरी छरिएका छन् । परीक्षा लिनलाई नै धौ-धौ अवस्था छ । अनिवार्य अंग्रेजी र नेपाली सबैले पढ्नु पर्छ । यी विषयको उत्तरपुस्तीका परिक्षणका लागि शिक्षक पाउनै गाह्रो छ । त्यसैले नतिजामा ढिलाइ हुने गरेको छ । यति ठूलो संयन्त्रलाई व्यवस्थापन गर्न त्रिविलाई गाह्रो भइराखेको छ ।

साधरण शिक्षामा चाप

हाम्रो विश्वविद्यालय शिक्षामा धेरै विद्यार्थी साधारण शिक्षामा गए । ७५ प्रतिशत विद्यार्थी साधरण शिक्षा पढ्छन् । साधरण शिक्षामा पनि सबै भन्दा धेरै व्यवस्थापन संकायमा जान्छन् । ४० प्रतिशत जति विद्यार्थी व्यवस्थापन संकायमा जाने गर्छन् । २०-२२ प्रतिशत शिक्षा संकायमा जान्छन् । १०-१२ प्रतिशत मात्रै मानविकी र समाज विज्ञान संकायमा जान्छन् । विज्ञान र प्रविधि क्षेत्रमा जाने करिब २५ प्रतिशत मात्रै छन् । यो संख्या अरुदेशको दाँजोमा हेर्दा कम हो । थाइल्याण्डमा ३४ प्रतिशत विज्ञान प्रविधि पढ्छन् । भारतमा ३५ प्रतिशतले पढ्छन् । म्यानमारमा करिब ४९ प्रतिशत, चीनमा ४० प्रतिशतले विज्ञान र प्रविधि पढ्छन् । यो कुरामा विश्वविद्यालयले विचार गर्नै पर्छ । यसको मतलब हामीलाई समाज विज्ञानका जनशक्ति चाहिँदैन भनेको होइन, यसैमा बढी जोड दिँदा विज्ञान र प्रविधिमा कम हुने भयो भन्ने मात्रै हो । अहिले नेपालले विकासको फड्को मारेको छैन । यदि भोलि फड्को मारेमा हामीलाई चाहिने विज्ञान र प्रविधिका जनशक्ति कम हुन जान्छन् ।

विश्वविद्यालय शिक्षामा जातिय असन्तुलन

उच्च शिक्षामा पहुँचको आधारमा हेर्दा बाहुन, क्षेत्री र नेवारको दाँजोमा जनजातिको कम देखिन्छ । उच्चशिक्षामा बाहुन क्षेत्रीको ६८ प्रतिशत पहुँच वा सहभागिता देखिन्छ । बाहुन क्षेत्रीको जनसंख्या ३१ प्रतिशत मात्रै हो । ५ प्रतिशत जनसंख्या भएको नेवार समुदायले उच्चशिक्षाको १२ प्रतिशत ओगटेको छ । ३२ प्रतिशत जनसंख्या भएका जनजातिहरु उच्च शिक्षामा १३ प्रतिशतमा मात्रै सीमित छन् । १३ प्रतिशत मधेसीले जम्मा ४ प्रतिशत मात्रै ओगटेका छन् । दलितहरुको झन् विजोग छ । १२ प्रतिशत जनसंख्या भएका उनीहरुले उच्च शिक्षामा जम्मा १ दशमलव ४ प्रतिशत मात्रै ओगटेका छन् । मुस्लिमको त झन् कुरै नगरौं । ४ प्रतिशत जनसंख्या छ तर उनीहरुले शिक्षामा जम्मा शून्य दशमलव २ प्रतिशत मात्रै उच्च शिक्षामा ओगटेका छन् । जातिय आधारमा हेर्दापनि असन्तुलित देखिन्छ नेपालको उच्च शिक्षा । यो पनि हामीले मिलाउनुपने देखिन्छ ।

राजनीतिकरण र भागबण्डा समस्या

विश्वविद्यालयमा धेरै नै राजनीतिकरण देखिन्छ । उपकुलपति, रेक्टर, र जिष्टार, डाइरेक्टरहरु सबैको नियुक्ति राजनीतिक हिसाबले भयो । जसले गर्दा राम्रो भन्दा हाम्रो मान्छे हावि भयो । कोही-कोही हाम्रा पनि राम्रा परिरदिए ठिकै भयो । हाम्रा मान्छे राम्रा नपरेदेखि विश्वविद्यालय बर्बाद हुने देखियो । स-साना कुराहरुमा समेत राजनीतिक हस्तक्षेपहरु भित्रिए । फलानोलाई सम्बन्धन दिनु पर्यो । फलानामा एमबिए कोर्स चलाउन दिनु पर्यो । यसरी बाहिरबाट दबाब आउन थाल्यो । मेडिकल कलेजमा हामीले यस्तै देखेका छौं । यस्ता गतिविधिले विश्वविद्यालयमा असर पर्ने देखियो । यसो हुँदा विश्वविद्यालय स्वतन्त्र रुपले चल्न सकेनन् । विश्वविद्यालय भनेका 'प्राज्ञहरुको स्वचालित गणतन्त्र' हो भन्ने भनाइ छ । च्भउगदष्अि या बअवमभ्फष्अ भन्ने चलन छ । जुन-जुन देशमा, जुन-जुन विश्वविद्यालयमा यसरी बाहिरी हस्तक्षेप आउँछ, ती विश्वविद्यालयले राम्रो गर्न सक्दैनन् । विश्वविद्यालयका रेक्टर, कुलपतिलगायत राजनीतिक नियुक्ति हुनु हुँदैन । विश्वविद्यालयलाई पूरै स्वतन्त्र छाडिदिनु पर्छ । विद्यार्थी र शिक्षकहरुको हकमा जुन मूल्य हावी छ, त्यसले पनि असर गरिराखेको छ । परीक्षा, भर्नालगायतको कुराहरुमा पनि विश्वविद्यालयहरुले राजनीतिक दबाबमा सम्झौता गर्न बाध्य भएका छन् ।

पार्टीसंबद्ध विद्यार्थी युनियन खारेज हुनु पर्छ । मेरो विचारमा विश्वविद्यालयमा रहेका विद्यार्थी युनियन एउटा स्वतन्त्र काउन्सिलका रुपमा मात्रै हुनु पर्छ । एउटा पार्टीसँग सम्बन्धित युनियनहरु अब हामीले खारेज गर्नु पर्छ । यदि राजनीतिक पार्टीहरुले युवा परिचालन गर्ने हो भने विश्वविद्यालय बाहिर युवा संगठनहरु बनाउँदा हुन्छ । बाहिरका सफल विश्वविद्यालय हेर्दा त्यहाँ विद्यार्थीको युनियन त देखिन्छ तर नेपालको जस्तो छैनन् । भारतमै पनि यो कम भएर गइसकेको छ । शिक्षालाई ह्रास गरेर राजनीतिक दलले प्रयोग गर्ने थलो मात्रै बनाउने हो भने त ठीकै छ । नत्र राष्ट्र नै कमजोर भएर राजनीतिक दल मात्रै बलियो भएर त फाइदा हुन्न होला ।

एजुकेशनपाटीबाट

निजामती सेवा विधेयकमा आरक्षण

- प्रा.डा. भीमदेव भट्ट

वि.सं. २०६३ माघ १ गते प्रारम्भ गरिएको नेपालको अन्तरिम संविधानको प्रस्तावनामा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने बारे उल्लेख गरिएको पाइन्छ । यिनै सङ्कल्पलाई मूर्तरूप दिन निजामती सेवा (दोस्रो संशोधन) ऐन २०६४ संसद् बाट पारित गरी निजामती सेवामा पहिलोपटक समावेशी कार्यक्रम लागू गरियो । उक्त ऐनमा व्यवस्था गरिए अनुरूप निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी विभिन्न समूहका उम्मेदवारबीच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराउने निर्णय लिइयो । सो ऐन पारित गर्दा समावेशी कार्यक्रमअन्तर्गत निर्धारण गरिएको व्यवस्था प्रत्येक दश वर्षमा पुनर वलोकन गर्नुपर्नेछ भनी उल्लेख भए पनि त्यसअनुरूप कार्य गर्न सरकार चुक्यो र आन्तरिक निर्णयकै आधार मा आजसम्म यसलाई निरन्तरता दिइएको छ ।

देश हाल सङ्घीयता कार्यावन्यनको चरणमा छ । यससँगै सङ्घीय निजामती सेवा ऐनको निर्माणकार्य प्रारम्भ गरिएको छ । यस ऐनको निर्माणपश्चात् प्रदेश र स्थानीय तहका सरकारले समेत कर्मचारी सञ्चालनका लागि ऐन निर्माण गर्ने अपेक्षा राखिएको छ । प्रस्तावित सङ्घीय निजामती सेवा ऐनको मस्यौदामा निजामती सेवालाई समावेशी बनाउन के कस्तो व्यवस्था गरिएका छन् भन्ने विषयमा यहाँ छोटो चर्चा गरिएको छ । प्रस्तुत विधेयकको पदपूर्तिसम्बन्धी विशेष व्यवस्थाको दफामा :

(१) निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशत पदमा महिलाहरूबीच मात्र र बाँकी ५० प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ भन्ने उल्लेख छ ।

(२) उपदफा (१) बमोजिम महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको ५० प्रतिशत पदलाई शतप्रतिशत मानी देहाय बमोजिमका महिला उम्मेदवार बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने प्रावधान राखिएको छ :

(३) उपदफा (२) बमोजिमको पद बाहेकको बाँकी ५० प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका उम्मेदवारहरूबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :

ऐनमा उपरोक्त दुवै समूहमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा अन्य समूहको लागि सम्पन्न लिखित परीक्षामा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवारमध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार मध्येबाट पदपूर्ति गर्नुपर्ने व्यवस्था गरिएको छ । यसका साथै आरक्षण कार्यक्रमलाई प्रत्येक दश वर्षमा पुनर वलोकन गरिने उल्लेख गरी यसको सीमा खुला राखेको छ ।

आरक्षणका सम्बन्धमा उपरोक्त व्यवस्थाले समस्या समाधान गर्ने भन्दा थप समस्या सिर्जना गर्ने देखिन्छ । सरकारले समाजमा सामाजिक न्याय स्थापित गर्न सकारात्मक विभेद, समानुपातिक प्रतिनिधित्व, समावेशीकरण भन्दा सशक्तीकरणमा विशेष जोड दिनुपर्दछ । निजामती सेवामा विगतका १३ वर्षमा समावेशी कार्यक्रमले कस्तो प्रभाव पाऱ्यो भन्ने विषयमा समीक्षा नै नगरेर प्रस्तावित ऐनमा विगतको भन्दा झनै क्लिष्ट व्यवस्था गरेको प्रतीत हुन्छ ।

निजामती सेवा ऐन, २०४९ लागू गर्दासमेत सरकारले आदिवासी/जनजाति, मधेसी, अपाङ्ग समूहको ठोस परिभाषा दिन सकेन । फलतः जनजातिमा नेवार, राई, तामाङ र गुरुङ जातिले अत्यधिक फाइदा उठाए । त्यसैगरी मधेसीमा पनि यादव र झा थरी बढी लाभान्वित भए । अपाङ्गता भएका व्यक्तिको परिभाषा अनौठो प्रकारले गरियो । छ औंला भएका व्यक्ति, चस्मा लगाउने व्यक्ति, भकभकाउने व्यक्ति, बोल्न नसक्ने व्यक्ति पनि अपाङ्ग समूहमा संलग्न गरी आरक्षणको कोटाबाट लाभान्वित भए । यसैगरी नियमले नबोलेकै कारण ठालू समूहका व्यक्ति विशेषले दोहोरो तेहेरो फाइदा लिनपुगे भने समाजमा कहिल्यै अवसर नपाएका मुसहर, ताजपुरिया, कोचे, मेचे, राजी, छन्त्याल, चुरौटे, पासवान, जिरेल, कुसुण्डा आदि जाति सर्वथा उपेक्षित रहे । लामो समयदेखि मूलधारमा छुटेका यस्ता जातिलाई समावेशी कार्यक्रम 'कौवालाई बेल पाक्यो हर्ष न बिस्मात' साबित बन्न गयो ।

सङ्घीय निजामती सेवा ऐन २०७७ को मस्यौदामा उल्लिखित उपरोक्त प्रावधानले नेपालको निजामती सेवा जनसेवी र प्रभावकारी तुल्याउन सहयोग पुऱ्याउन सक्ने देखिन्न । संसद्को राज्यव्यवस्था तथा सुशासन समितिमा सो मस्यौदाउपर छलफल गर्दा सम्बन्धित विषयका प्राज्ञ र अन्य विषयवेत्ताको कुरै छाडौं, यो ऐन पारित भएपछि कार्यान्वयनको मुख्य जिम्मेवारी निर्वाह गर्ने संस्था लोकसेवा आयोगसित समेत आवश्यक परामर्श नगरिएको बुझिएको छ । यस्ता सार्वजनिक कानुन निर्माण गर्दा बृहत् बहस र छलफल नगर्दा त्यसले वाञ्छित प्रतिफल दिन सक्दैन ।

निजामती सेवा ऐन २०४९ मा समावेशीतर्फ ४५ प्रतिशत मात्र पद छुट्याइएकोमा अहिले आएर किन सो प्रतिशत बढाएर ४९ प्रतिशत गरियो आफैंमा प्रष्ट छैन । विगतका १३ वर्षमा भएको सुधारलाई आधार मान्दा यो प्रतिशत २५/३० मा सीमित गर्नुपर्दथ्यो । यसतर्फ मस्यौदाकारको ध्यान पुगेजस्तो लागेन । समावेशीका लागि छुट्याइएको ४९ प्रतिशतलाई शतप्रतिशत मानी ५० प्रतिशत सीट महिलाका लागि मात्र छुट्याइएको छ । स्मरण रहोस्, लोकसेवाले गत आर्थिक वर्षमा सम्पन्न गरेको परीक्षामा आरक्षणतर्फ उत्तीर्ण भएका महिलाभन्दा खुलातर्फ उत्तीर्ण भएका महिलाको सङ्ख्या बढी छ । यस्तो अवस्था बुझ्दाबुझ्दै महिलाहरूलाई आठ समूहमा विभाजित गरी विशेष व्यवस्था गरिनुको कुनै औचित्य देखिन्न । यसले वर्तमान अवस्थामा स्कुल, कलेजबाट उत्तीर्ण गरेका महिलाको सही मूल्याङ्कन हुन नसकेको, उनीहरूलाई सर्वथा दोस्रो दर्जाका नागरिकसरह व्यवहार गरेको प्रतीत हुन्छ ।

लोकसेवा आयोगले कुनै पनि विज्ञापन गरिसकेपछि उम्मेदवारहरूले एकभन्दा बढी ठाउँमा अतिरिक्त शुल्क तिरी उम्मेदवारी दिन सक्छन् । खुलामा उम्मेदवारी दिनेले आरक्षणका पदमा समेत उम्मेदवारी दिन प्रतिबन्ध लगाइएको छैन । ऐनको मौजुदा प्रस्तावले एक द्वार थप खुला गर्न पुगेको छ । यस व्यवस्थाबाट सरकारले योग्य व्यक्ति पाउँछ भन्ने ठहर गर्न मिल्दैन । अपितु प्रशासकीय कार्यमात्र बढाएको छ ।

प्रशासन चुस्त, दुरुस्त र जनसेवी तुल्याउन प्रतिभासम्पन्न व्यक्ति भित्र्याइनु पर्दछ । यसका साथै प्रशासनलाई कसरी तटस्थ र निष्पक्ष सञ्चालन गर्ने भन्नेबारे राजनीतिक तहमै ठोस निर्णय लिइनुपर्दछ । यस पक्षलाई मनन गरी, प्रस्तुत ऐनको प्रभाव अन्य क्षेत्रमा समेत पर्ने भएकाले, सङ्घीय निजामती सेवा ऐनको मौजुदा मस्यौदालाई एकपटक पुनरवलोकन गर्नु आवश्यक देखिन्छ ।

गोरखापत्रअनलाइनबाट

राजनीतिक स्थायीत्व दुइ दिनको जुनेली, हुने त होइन

- प्रदिप ज्ञवाली

विगत केही समययता नेपाल कम्युनिष्ट पार्टी नेकपामा जारी विवादका कारण देशैभरिका नेता-कार्यकर्ता, पार्टी सदस्य र समर्थक-शुभचिन्तकहरु अत्यन्त चिन्तित हुनुहुन्छ ।

विभाजन र विखण्डनको क्रमलाई भङ्ग गर्दै दुई मुख्य कम्युनिष्ट पार्टीहरुको एकीकरण पश्चात् निर्माण भएको नेकपा इतिहासमै पहिलोपल्ट हासिल भएको राजनीतिक स्थायित्व एवं भर्खर सुरु भएको समृद्धिको यात्रा कतै 'दुई दिनको जुनेली, फेरि उही अँध्यारो रात' भने झैं हुने त होइन? यस प्रश्नले सिङ्गो देशलाई पिरोलिरहेको छ। हामी आशावादी त छौं, तर ढुक्क हुन सकेका छैनौं । नेता कमरेडहरु, धुरीखाँबो भाँचियो भने घरै भत्किन्छ ।

नेकपा आज नेपालमा क्रियाशील विभिन्न पार्टीहरुको बीचमा एक थान पार्टी मात्रै होइन। यो त देशको मुख्य लोकतान्त्रिक शक्ति हो। संविधानको मुख्य रक्षक हो। यससँग कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताको मात्रै होइन, लोकतान्त्रिक गणतन्त्र, प्रगतिशील संविधान, सामाजिक न्याय र समावेशी प्रणाली सहितको संघीयताकै भविष्य पनि जोडिएको छ ।

अग्रमोर्चा कमजोर हुँदा आन्दोलन पराजित हुन्छ, तसर्थ यस पार्टीसँग मुलुकको देशभक्तिपूर्ण आन्दोलन र राष्ट्रियता समेत अविभाज्य ढङ्गले आवद्ध छ। कुनै पनि निर्णय गर्नु अघि कमरेडहरुलाई यस यथार्थलाई मनन गरिदिनु हुन आग्रह गर्दछु ।

३१ महिना अगाडि हामी जनतासमक्ष पुगेका थियौं, मुख्यतः दुईवटा प्रतिवद्धता लिएर। हामीले भनेका थियौं- हामीलाई मत दिनुहोस्, हामी मुलुकमा राजनीतिक स्थायित्व कायम गर्छौं। हामीलाई मत दिनुहोस्, हामी मुलुकलाई समृद्धि दिन्छौं । 'सुखी नेपाली र समृद्ध नेपाल' को हाम्रो आह्वानमाथि भर परेर, विश्वास गरेर, जनताले हामीलाई अपार मत दिनुभयो । सामान्य बहुमत होइन,

भाषा, शिक्षा र पहिचान

- उत्तमबाबु श्रेष्ठ

काठमाडौं – विक्रम संवत् २०४५ । गोरखाको पुरानो स्कुल श्री शक्ति माविको कक्षा ६ को एउटा कोठा । सामाजिक शिक्षाको पाठ्यक्रममा संलग्न 'गर्मीमा घाँस र हिउँदमा कीरा' हुने अनौठो जीवका बारेमा पढाइ चल्दै थियो । चीनसँग सीमा जोडिएको गोरखाको उत्तरी गाउँ छेकम्पारबाट पढ्न आएका एक विद्यार्थी आफ्नो गाउँवरपर पाइने उक्त जीवका बारेमा बढी नै जानकार रहेछन् ।

पुस्तकमा दिइएको भन्दा बढी कुरा बताएपछि उनलाई गाउँ जाँदा त्यो जीव ल्याएर साथीहरूलाई देखाउन भनियो । उनले उक्त जीव संकलन गर्नु 'बौद्ध धर्मअनुसार पाप' हुने भन्दै आनाकानी गरे । लगभग तीन दशकअघि 'अध्ययनका लागि' संकलन गर्नसम्म 'पाप मानिने' उक्त जीव अर्थात् यार्सागुम्बु यतिखेर संसारकै सबैभन्दा महँगो जैविक औषधिका रूपमा बेचबिखन गरिन्छ ।

सुनभन्दा महँगोमा बेचिने यार्साको अन्तर्राष्ट्रिय बजार अनुमानित ५ अर्बदेखि ११ अर्ब डलरसम्मको छ । पाँच वर्षअघि नेपाल राष्ट्र बैंकले गरेको अध्ययनअनुसार, २०७१ सालमा नेपालका एघार जिल्लामा ४ अर्ब ९२ करोड रुपैयाँ मूल्यको यार्सागुम्बु संकलन भएको थियो । विश्व बजारमा बढ्दो माग पूरा गर्न नेपालका उच्च पहाडी भेगका लगभग ३ लाख मानिस बसेनि ३,५०० मिटरभन्दा बढी उचाइका हिमाली पाटनमा 'कीरा' खोज्न पुग्छन् । अधिक संकलनका कारण व्यावसायिक संकलन सुरु गरिएको दुई दशक नपुग्दै यार्सा प्राकृतिक रूपमा घटेर लोपै हुने खतरा बढेको छ । त्यसैको प्रमाण हो– यस वर्षदेखि यार्सालाई अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आईयुसीएन) ले अतिसंवेदनशील प्रजातिमा सूचीकृत गर्नु । आईयुसीएनले सन् १९६४ देखि मानवीय अतिक्रमणका कारण दुर्लभ र लोपोन्मुख भएका जीवहरूको 'रातो सूची' राख्न थालेको हो । हाल त्यसमा यार्सा लगायतका १ लाख २० हजार जीव सूचीकृत छन्, जसमध्ये ३२ हजार प्रजातिलाई लोपोन्मुख भनिएको छ । उक्त सूचीले सबै राष्ट्रलाई संरक्षणको नीति र योजना बनाउन विश्वसनीय वैज्ञानिक आधार प्रदान गर्छ । पृथ्वीमा भएका लाखौं जीवमाथि भइरहेका मानवीय दोहनको चाप मापन गर्ने भएकाले उक्त सूचीलाई 'जीवनको ब्यारोमिटर' पनि भन्ने गरिन्छ । जीवनको ब्यारोमिटरमा थेगिनसक्नु चाप विज्ञान र प्रविधिको विकासले अकल्पनीय उपलब्धि हासिल गरेको यस समयमा पनि पृथ्वीमा भएका जीवहरूको संख्या अझै यकिन छैन, अनुमानमै सीमित छ । अनुमानबीच पनि ठूलो दरार छ, कसैले ३० लाख भन्छन् त कसैले १० करोड । प्लस वान जर्नलमा प्रकाशित एक अनुसन्धानअनुसार, यस पृथ्वीमा करिब ८१ लाख प्रजातिका वनस्पति र जनावर पाइन्छन् । तीमध्ये हालसम्म केवल १७ लाख प्रजातिको पहिचान भएको छ । मानवीय अतिक्रमणका कारण कतिपय पहिचान भइसकेका र पहिचान हुन बाँकी वनस्पति र जीवजन्तुहरू लोप हुँदै गइरहेका छन् ।

गत वर्ष प्रकाशित राष्ट्रसंघीय जैविक विविधता र वातावरणीय सेवासम्बन्धी अन्तरदेशीय विज्ञान नीति संयन्त्र (आईपीबीईएस) को प्रतिवेदनअनुसार, मानवजातिले पृथ्वीको ७५ प्रतिशत जमिन र ६६ प्रतिशत समुद्री भागको प्राकृतिक स्वरूपलाई आफूअनुकूल परिवर्तन गरिदिएको छ । सहरीकरण, पूर्वाधार निर्माण, कृषि र चरनजस्ता मानवीय गतिविधिहरूका लागि जैविक वासस्थानलाई अतिक्रमण गर्ने कार्यले गर्दा त्यहाँ बसोबास गर्ने असंख्य जीवको संख्या घटेको छ । यार्साजस्तै जंगली जीवहरूको अत्यधिक संकलन गर्ने, सिकार गर्ने, मार्नेजस्ता क्रियाकलापले पनि पृथ्वीबाट ठूलो संख्यामा जीवजन्तु लोप हुँदै गएका छन् । मानवीय क्रियाकलाप साबिक रूपमै रहिरहे आगामी केही दशकभित्रै पृथ्वीबाट १० लाख वनस्पति र जीवजन्तु सदाका लागि लोप हुनेछन्, प्रतिवेदनमा लेखिएको छ ।

त्यसो त पृथ्वीमा जन्मेको हरेकको जीवन समाप्त हुन्छ । मानिसको उत्पत्ति हुनुअगावै पृथ्वीमा जन्म-मृत्यु, उत्पत्ति-विनाशको प्रक्रिया एउटा लयमा चलिरहेकै थियो । वैज्ञानिकहरूका अनुसार, उत्पत्ति भएको ३ अर्ब ५० करोड वर्षयता पृथ्वीमा लगभग ४ अर्ब जीव उत्पत्ति भए, जसमध्ये ९९ प्रतिशत यहाँबाट लोप भए । कुनै प्रजातिको लोप हुने प्राकृतिक प्रक्रियालाई नयाँ प्रजातिको उत्पत्ति र विकास हुने प्रक्रियाले सन्तुलन गर्ने हुनाले पृथ्वीमा जीवनको अकल्पनीय विविधता पाइन्छ । यद्यपि उत्पत्ति र विनाशको उक्त सन्तुलनलाई महाविपत्तिहरूले कहिलेकाहीं तहसनहस बनाइदिएको पाइन्छ । महाविपत्तिहरू, जस्तै ठूला ज्वालामुखीहरू एकैपटक विस्फोट भएर, छुद्रग्रह पृथ्वीमा ठोक्किएर, पृथ्वीको वातावरणमा परिवर्तन (तापमानमा घटीबढी) भएर पृथ्वीबाट ठूलो संख्यामा जीवहरू सामूहिक रूपमा एकैपटक लोप भएका छन् ।

अवशेषहरूमा आधारित अध्ययनहरूले, पृथ्वीमा त्यस्ता सामूहिक विलोपन (मास एक्सटिङ्क्सन) पहिलोपटक ४४ करोड वर्षअघि, दोस्रो ३६ करोड वर्षअघि, तेस्रो २५ करोड वर्षअघि, चौथो २० करोड वर्षअघि र पाँचौं ६ करोड ५० लाख वर्षअघि भएको देखाएका छन् । ती पाँच महाविनाशमा पृथ्वीमा भएका ७५-९६ प्रतिशत प्रजातिहरू लोप भएको अनुमान गरिन्छ । त्यस्ता दुर्लभ परिघटनाका बावजुद पृथ्वीमा जीवन फैलने र विविधता कायम हुने प्रक्रिया निरन्तर चलिरहेको हुन्छ, जसका कारण त्यस्ता सामूहिक विलोपनको करोडौं वर्षपछि नयाँ प्रजातिहरूको उत्पत्तिसँगै पृथ्वीमा जीवनको विविधता पुनः फर्केको पाइन्छ । तर पछिल्लो समयमा मानवजाति पृथ्वीमा प्रभावशाली भएयता मानवीय अतिक्रमणको द्रुततालै गर्दा प्रजातिहरूको लोप हुने दर अप्रत्याशित रूपमा बढेको छ । उक्त वृद्धिलाई वैज्ञानिकहरूले छैटौं सामूहिक विलोपन (सिक्स्थ मास एक्सटिङ्क्सन) भन्न थालेका छन् ।

सन्निकट छैटौं सामूहिक विलोपन

करोडौं वर्षपहिलेको जस्तो महाविपत्ति र वर्तमानको जस्तो मानवीय अतिक्रमण नहुँदा पनि प्रकृतिमा जीवहरूको विनाशको निश्चित गति हुन्छ, जसलाई प्राकृतिक विलोपनको दर (ब्याकग्राउन्ड एक्सटिङ्क्सन रेट) भनिन्छ । मानिस र भवितव्य नहुँदाको अवस्थामा उक्त विलोपन दर जीवजन्तुको संख्या र आयुअनुसार फरकफरक हुने गर्छ । तर गणितीय हिसाबमा प्रति १० लाख प्रजातिमा वार्षिक एक प्रजातिको लोप हुने गर्छ । यो दरअनुसार, १० हजार प्रजातिका स्तनधारी जनावरहरू यस संसारमा भएको मान्ने हो भने (यद्यपि करिब ६,५०० को मात्रै पहिचान भएको छ), एउटा स्तनधारी प्रजाति लोप हुन करिब १०० वर्ष लाग्छ । तर आईयुसीएनका अनुसार, सन् १५०० यताका ५०० वर्षमा पृथ्वीबाट स्तनधारी, चरा, सरीसृप, उभयचर वर्गका मेरुदण्डीय जीवका ६१७ प्रजातिहरू लोप भएका छन् । उक्त लोप हुने क्रम १०० वर्षयता झनै तीव्र बनेको छ । १०० वर्षयता पृथ्वीबाट मेरुदण्ड भएका ४०० प्रजाति लोप भएका छन् । यदि मानवीय अतिक्रमण नहुँदो हो त सोही संख्याका प्रजातिहरू प्राकृतिक रूपमा लोप हुनलाई ८ हजारदेखि १० हजार वर्षसम्म लाग्थ्यो ।

साइन्स जर्नलमा प्रकाशित लेखले पनि पृथ्वीमा प्रजातिहरूको लोप हुने गति साबिकको भन्दा हजारौं गुणाले बढिरहेको जनाएको छ । उक्त लेखअनुसार, मानिस र ऊसँग मिल्दोजुल्दो समूह(प्राइमेट्स(का ६० प्रतिशत प्रजाति यतिखेर लोपोन्मुख छन् । पीएनएएस जर्नलमा प्रकाशित आईयुसीएनको रातो सूचीमा आधारित अर्को लेखले हाल विश्वभर ७७ प्रजातिका स्तनधारी जीवहरूको संख्या ९४ प्रतिशतले घटेको र तिनको वासस्थानमा ८० प्रतिशतसम्मले संकुचन भएको देखाएको छ । मानवजातिले पृथ्वीको प्राकृतिक स्रोतमाथि कब्जा जमाउँदै, वन्यजन्तुको वासस्थानलाई टुक्र्याउँदै र मास्दै, मिचाहा प्रजातिका जीवजन्तु र रोगका जीवाणुलाई एक ठाउँबाट अर्को ठाउँमा सार्दै र कतिपयलाई मानेर, संकलन गर्ने गरेर लोप हुने प्राकृतिक दरलाई बढाएको उक्त लेखको निष्कर्ष छ । मानवसिर्जित जलवायु परिवर्तनका कारण पनि कतिपय जीव लोपोन्मुख बन्न पुगेका छन् ।

एउटा प्रजातिलाई उत्पत्ति, विकास र फैलावटबाट स्थापित हुन लाखौं वर्ष लाग्ने वैज्ञानिकहरूको दावी छ । तर पृथ्वीमा केवल २ लाख वर्षअघि आएको एउटा प्रजाति(मानिस(ले यहाँ करोडौं वर्षदेखि बाँचिरहेका जीवहरूको अस्तित्वलाई केही शताब्दीभित्रै सदाका लागि नामेट पार्दै छ । पृथ्वीकै इतिहासमा यसरी एउटा प्रजातिले यहाँको जीवन र जगत्लाई अकल्पनीय परिवर्तन यसअघि कहिल्यै गरेको थिएन । उदाहरणका लागि, गत पाँच दशकमा मानवीय अतिक्रमणका कारण पृथ्वीमा करोडौं वर्ष पहिलेदेखि बस्दै आएका भ्यागुताका कैयौं प्रजाति लोप भए । यतिखेर विश्वमा उभयचरको लोपदर ४५,००० गुणा बढी भएको भनिन्छ । हाम्रो मुट्ठीमा अट्ने भ्यागुताजस्ता निरीह प्राणी त भइहाले, हामीभन्दा शक्तिशाली र ठूला बाघ, गैंडाजस्ता जनावर पनि मानिसकै कारण घटेर लोप हुने अवस्थामा पुगेका छन् ।

हाल नेपाल र भारतका केही निकुञ्जमा सीमित एकसिंगे गैंडाको वासस्थान पन्ध्रौं शताब्दीतिर म्यानमारदेखि उत्तरी पाकिस्तानसम्म फैलिएको थियो । वासस्थानमा मानवीय अतिक्रमण र सिकारका कारण बीसौं शताब्दीको सुरुमा पुग्दा गैंडाको संख्या घटेर २०० मा सीमित भयो । त्यसै गरी वासस्थानमा अतिक्रमण र सिकारका कारण यतिखेर बाघको ऐतिहासिक वासस्थान ९३ प्रतिशतले खुम्चिएको छ । र, केही दशकअघि बाघको संख्या पनि घटेर केही सयमा सीमित हुन पुगेको थियो । संरक्षणमा ठूलो लगानी र प्रयासका कारण केही दशकयता नेपालमा र अन्यत्र पनि गैंडा र बाघको संख्यामा बढोत्तरी भइरहेको छ । प्राकृतिक रूपमा जनसंख्या घटेपछि त्यसलाई पुरानो अवस्थामा फर्काउन कति कठिन छ भन्ने कुराको उदाहरण हो(झन्डै लोप हुने अवस्थामा पुगेका यी जक्खु जनावरहरूको संख्या बढाउन लागेको मिहिनेत, लगानी र समय । बाघ आईयुसीएनको संकटापन्न (इन्ड्यान्जर्ड) सूचीमा र गैंडा अतिसंवेदनशील (भल्नरेबल) सूचीमा रहेका जनावर हुन् । यार्सागुम्बु पनि यस वर्षदेखि आईयुसीएनको अतिसंवेदनशील सूचीमा परेको छ । विगत पन्ध्र वर्षमा यार्साको उत्पादन ३० प्रतिशतले घटेको छ र उक्त अवस्था कायमै रहे अबका केही दशकभित्रै यार्सा लोप हुने अवस्थामा पनि पुग्न सक्छ । यद्यपि संरक्षणको प्रयासले यसको दिगो व्यवस्थापन पनि हुन सक्छ । अन्त्यमा, बाघ, गैंडाजस्ता जक्खु र यार्सागुम्बुजस्तो महँगो जीवको घट्दो संख्या मात्र होइन, विश्वभर प्रजातिहरूको विलोपनको शृंखला भयावह छ । कतिपय जीवजन्तु हाम्रो जानकारी र पहिचानबिना विलोप भइसकेका छन् । 'द सिक्स्थ एक्सटिङ्क्सनस् एन अनन्याचुरल हिस्ट्री' पुस्तककी लेखक एलिजाबेथ कोल्बर्ट भन्छिन् हामी केही शताब्दीभित्रै त्यो विनाशको चरम अवस्थामा पुग्न

सम्पत्ति शुद्धीकरण अघि अभिलेखिकरण

- कमलेशकुमार अग्रवाल

नेपालमा व्यावसायिक आर्थिक गति विधिको सञ्चालन लिच्छविकालदेखि नै भएको देखिन्छ । त्यस बेला नेपाली व्यवसायीहरू भारत र तिब्बतका व्यवसायीहरूसँग कारोबार गर्थे । केही कृषिजन्य वस्तु भारत पठाइन्थे भने, चीनतर्फ जडीबुटी र खाद्यान्न लगायतको निर्यात हुन्थ्यो ।

देशमा उद्योगधन्दा नभएकाले सुती कपडासहित उपभोग्य वस्तुहरू भार तबाट झिकाइन्थे । केही राइस मिल, दाल एवं गहुँ पिस्ने आटा मिलहरू स्थापना भइसकेका थिए । जुटको उत्पादन राम्रो हुन थालेपछि करिब ८५ वर्षअगाडि जुट उद्योग स्थापना हुन थाले ।

भारतबाट आयातित सामानमा तत्कालीन राज्यव्यवस्थाले भन्सार असुली गर्ने गर्थ्यो । विसं २००७ सालयता देशमा आयकरबारे चर्चा-परिचर्चा हुन थाल्यो । २००८ सालमा स्थापित पहिलो जनप्रतिनिधिमूलक सरकारले देशकै पहिलो बजेटमा आयकर उठाउने अवधारणा प्रस्तुत गऱ्यो । २०११ सालमा आयकर उठाउने प्रयास राजनीतिक अस्थिरताका कारण सफल हुन सकेन । पहिलो बजेटमा भन्सारबाट ७३ लाख, भूमिकरबाट ९४ लाख, वन-जंगलबाट ३० लाख, रकम ठेक्का बन्दोबस्तबाट ९ लाख र विविध ९९ लाख गरेर ३०५ लाखको स्रोत देखाइएको थियो । आयकर शीर्षकमा शून्य रकम जनाइएको थियो । सन् १९५२र५३ मा भन्सारबाट १०० लाख, भूमिकरबाट १२३ लाख, वन-जंगलबाट ३२ लाख, रकम ठेक्का बन्दोबस्तबाट १९ लाख र विविध १२८ लाख रुपैयाँ गरी ४०२ लाखको राजस्वको स्रोत प्रस्तावित गरिएको थियो ।

आयकरको व्यवस्था गरिए पनि अनुमानित आयमा शून्य आयकरको प्रावधान थियो । नेपालको निर्वाचित सरकारले २०१६ साल (सन् १९५९) मा आयकर ऐनको कार्यान्वयन गरेको थियो । केही व्यावसायिक आय र पारिश्रमिक शीर्षकमा पनि आयकर उठाउन थालियो । त्यही अनुभवले २०१९ सालमा विस्तारित आयकर ऐन प्रस्तावित गरियो र त्यसलाई केही परिमार्जित गर्दै २०३१ सालमा नयाँ आयकर ऐन लागू गरियो । २०१६ देखि २०३१ सालसम्म कृषिमा आधारित आयमा, सम्पूर्ण निर्यात, उद्योग स्थापना गरेको लामो समयसम्म, कुनै पनि पुँजीगत आम्दानीमा र कुनै सेयर खरिद-बिक्री वा हक हस्तान्तरणमा आयकर लाग्दैनथ्यो ।

२०३१ सालको आयकर ऐनले पुराना व्यवस्थाहरू परिमार्जन गर्दै छुट्टै आयकर दर्ता प्रणालीको विकास गऱ्यो । जतिसुकै आयात गरे पनि निश्चित प्रतिशत कर चुक्ता गरेपछि सम्पूर्ण आयमा कर चुक्ता गरेको मानिन्थ्यो । उक्त समयमा आयात नियन्त्रित व्यवस्थाअनुरूप थियो । निर्यातकर्ताले मात्र आयात इजाजत पाउँथ्यो । निर्यातको केही प्रतिशत मात्र इजाजत पाइन्थ्यो । निर्यातकर्ताले आयात इजाजतपत्र बजारमा बिक्री गर्न पाउँथ्यो । न्यून बिजकीकरण कानुनसम्मत थियो । १ लाखको आयात लाइसेन्समा धेरै ठूलो मात्रामा आयात गरिन्थ्यो । मूल्यांकनअनुसार भन्सार असुल गरिन्थ्यो । आयातित सामानमा निश्चित आयकर असुली गरिन्थ्यो । कर कार्यालयले असुल्नेभन्दा धेरै आय हुने गर्थ्यो व्यवसायीहरूको । २०३४र३५ ताका सरकारले खुला आयात इजाजत प्रणाली लागू गऱ्यो । तर, त्यति बेला विदेशी मुद्राका दुइटा दर कायम थिए । अफिसियल विदेशी मुद्राका हकमा १ अमेरिकी डलर बराबर १२ रुपैयाँ र आयात इजाजतपत्रका लागि १६ रुपैयाँ थियो । निर्यात गर्दा पनि १ अमेरिकी डलर बराबर १६ रुपैयाँले भुक्तानी पाइन्थ्यो । त्यो बेला पनि भन्सार मूल्यांकन न्यून बिजकीकरणको अवस्थामै थियो । यसबाट आयात क्षेत्रको कारोबार धेरै बढेर गयो ।

माथिका विश्लेषणबाट नेपालमा सदियौंदेखि पुर्ख्यौली व्यापार-व्यवसाय रहेको र आफूले गरेको व्यवसायलाई भावी पुस्ताहरूमा हस्तान्तरणसमेत गरिएको देखिन्छ । निजी क्षेत्रका व्यवसायीहरूले आर्जन गरेको लगानी सम्पत्ति आदिको स्रोतबारे उचित व्यवस्थापन वा अभिलेखन कहिल्यै गरिएन । पुर्ख्यौली सम्पत्तिको हकमा रहेका सम्पत्तिहरू जग्गा, सुनचाँदी तथा अन्य बहुमूल्य वस्तुहरू पनि अभिलेखीकरण गरिन्थ्यो । सदियौंदेखि वैधानिक ढंगले उद्योग, व्यापार, कृषि, पशुपालनजस्ता व्यवसाय गरी आयआर्जन गरेर बसेका व्यक्तिले प्रचलिन कानुनअनुसार आर्जन गरेको सम्पत्तिको न कुनै सबुत प्रमाण राखे, न त सरकारले कुनै प्रमाणित आधार उपलब्ध गरायो । २०५२ सालमा मूल्य अभिवृद्धि कर ऐन लागू भयो, जसपछि न्यून बिजकीकरणबाट हुने पद्धतिमै परिमार्जन भयो । कारोबार मूल्यमा भन्सारबाट मालसामान छुट्न थाले । २०५८ सालमा आयकर ऐन आएपछि स्वयं व्यवसायीले आफ्नो आय निर्धारण गर्नुपर्ने व्यवस्थाको सुरुआत भयो । नेपालमा लेखामा आधारित व्यवस्थित आयकर ऐन २०५८ सालदेखि लागू भएको हो ।२०६४ सालमा सम्पत्ति शुद्धीकरण ऐन लागू गरियो । तर, विश्व मान्यताअनुसार आतंककारी गतिविधि, मानव बेचबिखन, लागूऔषध कारोबारी, हातहतियारको अवैध कारोबार, अपहरणजस्ता अवैध क्रियाकलापबाट आर्जित सम्पत्तिलाई मात्र शुद्धीकरण लागू गर्नुपर्नेमा कर भुक्तानी भएको स्रोतलाई समेत समावेश गरियो । त्यस्तो अवस्थामा यो ऐन प्रारम्भ हुनुअगाडि सबैको सम्पत्तिको अभिलेखीकरण गरिनुपर्ने थियो, जुन राजनीतिक अस्थिरताका कारण सम्भव भएन ।

यसरी लामो समयदेखि ऐन-कानुनको परिधिभित्र रही आर्जन गरेको सम्पत्ति र उक्त ऐनबाट प्राप्त सुविधाका कारण आर्जित वैधानिक सम्पत्तिहरूलाई अभिलेखीकरणको अभावमा सम्पत्ति शुद्धीकरण ऐनले के-कसरी छानबिन गर्न सक्छ ? यो गम्भीर विषय हो । विगतमा वैधानिक तवरले प्राप्त आयमा निजी क्षेत्रले कुनै स्रोत देखाउन सक्तैन । आयकर ऐन, २०३१ र २०५८ बमोजिम कारोबारको खातापाता राख्ने अवधि क्रमशः ६ वर्ष र ४ वर्षभन्दा बढी नभएकाले कारोबारको कुनै तथ्यांक उपलब्ध नहुने अवस्था छ । २०५८ सालमा आयकर ऐन लागू हुनुअघि वैधानिक रूपमा आर्जन गरेको आम्दानी, सम्पत्ति वा पुर्ख्यौली सम्पत्तिको स्रोत खुल्न सक्तैन । आज आएर सम्पत्ति शुद्धीकरण ऐन, २०६४ को प्रावधानले सम्पूर्ण व्यावसायिक क्षेत्रलाई स्वदेशमै उद्योग, कलकारखाना स्थापना गर्नका लागि वैधानिक स्रोतको प्रमाण माग गर्न थालेको छ । यसले एकातर्फ राष्ट्रमा प्रचुर सम्भावना हुँदाहुँदै ऐनको असान्दर्भिक व्यवस्थाले लगानी गर्न सक्ने अवस्था रहँदैन भने, लगानीको अभावमा र राष्ट्रको आर्थिक गतिविधि पनि न्यून भएर जान्छ । अर्कातर्फ, यस्ता केही व्यक्तिमाथि दबाबमूलक कारबाही हुन थाल्यो भने त्यसबाट अर्थतन्त्रमै नकारात्मक असर पर्न जान्छ । पुँजी र व्यवसायी पलायनको खतरा बढेर जान्छ ।

यसको एक मात्र समाधान, देशमा द्रुत गतिले आर्थिक गतिविधिहरूको परिचालनका लागि शून्य दरमा एकपटक सबै व्यक्तिको सम्पत्ति घोषणाको व्यवस्था अविलम्ब गर्नु हो । अन्यथा व्यवसायीहरूले कुनै परियोजनामा लगानी, घरजग्गा खरिद, संस्थापक वा साधारण सेयर खरिद, बैंकहरूमा नगद जम्मा आदि गर्न सक्तैनन् । चालु आयमा पनि सरकारले आर्जित सम्पत्तिको आयमा स्रोत खुल्ने प्रमाणहरू सुरक्षित राख्न नागरिकहरूलाई सुसूचित गरेको पाइँदैन । आज बैंकमा रकम फिक्स डिपोजिट गरिएको हुन्छ । बैंकले स्टेटमेन्टमा ब्याज उल्लेख गरिदिएको त हुन्छ, तर डिपोजिटरसँग त्यो ब्याजमा प्राप्त आम्दानीको कुनै प्रमाण देखिँदैन । त्यस्तै, सेयर बजारमा यत्रो ठूलो कारोबार भएको छ, टीडीएस जहिल्यै कट्टा गरिएको हुन्छ, तर अभिलेखीकरणको हिसाबले कुनै कारोबार भएको देखिँदैन । यसले गर्दा अहिले पनि स्रोतका प्रमाणित आधारहरूमा समस्या सृजना भएको छ । पुर्ख्यौली वा नयाँ जग्गा खरिद गरेर आउने मुनाफाको लाभ, विभिन्न कमिसन, बैठक भत्ता, लाभांश, बैंक ब्याज आम्दानी, बोनस सेयरको आम्दानी, कृषि आय, बहाल कर आदि प्राकृतिक व्यक्तिले आर्जन गरेको कानुनसम्मत टीडीएस बुझाएको सम्पत्तिको स्रोत खुलेका प्रमाणहरू भविष्यमा आवश्यक पर्लान् भनेर सुरक्षित राख्ने चेतना नागरिकमा छैन । तर, यस्तो स्रोतको प्रमाणित कागजात उपलब्ध नगराए गम्भीर समस्या निम्तिन सक्छ । सरकारले कुनै निर्देशिका ल्याएर हरेक टीडीएस कट्टी गरेपछि आयआर्जन गरेको प्रामाणिक आधार नागरिकलाई दिने व्यवस्था लागू गर्न सकेको छैन । भोलि नागरिकसँग पनि प्रमाणित आधार देखाउने कागजपत्र हुँदैन । प्रचलित नियम-कानुनभित्र रहेर आर्जन गरेको सम्पत्तिबारे स्पष्ट अवधारणा नलगाई उजुरीकै आधारमा व्यवसायी र सर्वसाधारणलाई दुःख दिन थालिएकाले ऐनको गलत व्याख्या भएको आशंका गरिएको छ । विद्यमान आर्थिक संरचनाहरूमा आवश्यकतानुसार परिमार्जन गरी एकपटक सबै नागरिकको सम्पत्ति अभिलेखीकरणको व्यवस्था गरिनुपर्छ, जुन पारदर्शी अर्थतन्त्रको एउटा ठूलो पूर्वाधार हुनेछ ।प्रचलित नियम-कानुनभित्र रहेर आर्जन गरेको सम्पत्तिबारे स्पष्ट अवधारणा नलगाई उजुरीकै आधारमा व्यवसायी र सर्वसाधारणलाई दुःख दिन थालिएकाले ऐनको गलत व्याख्या भएको आशंका गरिएको छ । विद्यमान आर्थिक संरचनाहरूमा आवश्यकतानुसार परिमार्जन गरी एकपटक सबै नागरिकको सम्पत्ति अभिलेखीकरणको व्यवस्था गरिनुपर्छ, जुन पारदर्शी अर्थतन्त्रको एउटा ठूलो पूर्वाधार हुनेछ ।

छोरा छोरी सबैलाई
समान रुपमा शिक्षा दिक्षा र अवसर दिऊ ।